# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०७९/०८०, बैठक नं ९)

मिति : २०७९ माघ २७ गते

**प्रस्तावहरु**

१. बिगतको कार्यपालिकाको निर्णय समीक्षा तथा खर्च अनुमोदन सम्बन्धमा
२. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा
३. वडामा आवश्यक झो.पु.हरुको विवरण सम्बन्धमा
४. सडक बोर्ड अन्तर्गतको समपुरक योजना छनौट सम्बन्धमा
५. बेनी सामुदायिक माविलाई स्कुल बस दिने सम्बन्धमा
६. कृषि कार्यक्रम सम्बन्धमा
७. प्रदेश तथा सङ्घ सरकारसँग योजना माग सम्बन्धमा
८. जग्गा वर्गीकरण सम्बन्धमा
९. विविध

**निर्णयहरु :**

१. बेनी नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो। नगरपालिकाबाट भएका सबै खर्चहरु अनुमोदन गर्नुका साथै कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

२. नेपाल सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत बेनी नगरपालिका अन्तर्गतका विभिन्न १०५ जना लाभग्राही छनौट भएकोमा चालु आ.व. मा निकासा भएको रकमबाट उल्लेखित लाभग्राहीहरु मध्ये प्राथमिकताक्रमका र सम्बन्धित वडा कार्यालयको सिफारिशका आधारमा लाभग्राहीहरु छनौट गरी भुक्तानी कार्य अघि बढाउने निर्णय गरियो । उल्लेखित १०५ जना लाभग्राहीहरुमा पर्न नसकेका र अझैपनि असुरक्षित आवासमा रही रहेका स्थानीय आवासहरु रहेको भेटिएमा सम्बन्धित वडा कार्यालयको सिफारिशमा एकीकृत तथ्याङ्क तयार गरी लाभग्राही कायम गराउनका लागि सघन शहरी तथा भवन निर्माण आयोजना मार्फत शहरी विकास मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

३. स्थानीय पूर्वाधार विभागको च.नं २३० मिति २०७९/१०/१६ गतेको पत्रानुसार यस बेनी नगर क्षेत्रभित्र आवश्यक झोलुङ्गे पुलहरुको विवरण माग गरी आएकोमा देहाय बमोजिमका झोलुङ्गेपुल हरुको विवरण तयार गरी पठाउने निर्णय गरियो ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

| सि नं | झोलुङ्गे पुलको विवरण | निर्माण गर्नुपर्ने स्थान | अनुमानित लम्बाई | कैफियत |
|---|---|---|---|---|
| १ | बेनी नपा २ बिमिराबोटदेखि बाग्लुङ नपा ५ मालिका जोड्ने पुल | बेनपा- २ म्याग्दी | ३० मीटर | |
| २ | डाँडाखेत देखि कोटखोला हुँदै बगरफाँट जोड्ने पुल | बेनपा -२, म्याग्दी | ३० मीटर | |
| ३ | बेनी नपा ३ मुसुङ खुर्सानी बारी देखि मंगला गापा ४ महेश जोड्ने पुल | बेनपा -३, म्याग्दी | ११० मीटर | |
| ४ | चिनाखेल ठुलो खोला झोलुङ्गे पुल | बेनपा -३, म्याग्दी | ६० मीटर | |
| ५ | राखुखोला झोलुङ्गे पुल | बेनपा -३, म्याग्दी | १०० मीटर | |
| ६ | बेनी नपा -४ डेभिनडाँडा देखि मंगला-३, अर्जेखोला आर्मन (देविनडाँडा) जोड्ने पुल | बेनपा -४, म्याग्दी | ११५ मीटर | |
| ७ | जलेश्वर ठुलो बगर देखि जलजला - २, बौर, पर्वत जोड्ने पुल | बेनपा -६ र ८, म्याग्दी | १२० मीटर | |
| ८ | ठुलोखोला धैरेनी झोलुङ्गे पुल | बेनपा-९ र १० म्याग्दी | ११५ मिटर | |

४. सडक बोर्ड नेपाल अन्तर्गतबाट आ.व. २०७९/८० का लागि स्वीकृत रकम रु ५२ लाख मध्येबाट खर्च गर्ने गरी यस नपा अन्तर्गतको बेनी-अर्थुङ्गे-पात्लेखेत सडक मर्मतको कार्य गर्नुका साथै नगरपालिकाबाट व्यहोर्नुपर्ने साझेदारीको ३० प्रतिशत रकम समपुरक कोषबाट व्यहोर्ने गरी उल्लेखित सडक मर्मत कार्य स्वीकृतीका लागि सडक बोर्ड नेपालमा लेखी पठाउने निर्णय गरियो।

५. बेनी न.पा.-७, बेनी स्थित बेनी सामुदायिक मा.वि.लाई स्कुल बस खरिद गर्नका लागि मेयरसँग सामाजिक कार्यक्रम शीर्षकमा विनियोजित रकमबाट रु १० लाख ५० हजार रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

६. बेनी नगरपालिकाका लागि आ.व. २०७९/८० मा कार्यान्वयन गर्ने गरी सशर्त कार्यक्रमतर्फबाट खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान अन्तर्गत निकासा भएको रकमबाट स्थानीय कृषकबाट माग भए बमोजिमको परिणाममा मकैको बिउ खरिद गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

७. बेनी नगरपालिकाका देहायका योजनाहरु नगरको विकास एवं समृद्धिका लागि रणनैतिक महत्व बोकेका योजनाहरु रहेका र उक्त योजनाहरु सम्पन्न गर्नका लागि नगरपालिकाको स्रोत पर्याप्त नदेखिने भएका कारण उल्लेखित योजनाहरु सम्पन्न गर्नका लागि आवश्यक बजेट बिनियोजन गर्न प्रदेश तथा संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

| सि नं | योजनाको नाम | योजना निर्माण गर्नुपर्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | बेनी अर्थुङ्गे पात्लेखेत सडक | बेनपा ६, ७, ९ र १० | |
| २ | अर्थुङ्गे पुलाचौर भुतपानी सडक | बेनपा ५ र ६ | |
| ३ | बेनी हल्लेगौंडा भकिम्ली सडक | बेनपा ३ | |
| ४ | बेनी लभ्लीहिल भकुण्डे सडक | बेनपा २ | |
| ५ | बेनी खुलामञ्च मिनि रङ्गशाला निर्माण | बेनपा ७ | |
| ६ | कालीपुल बहुउद्देश्यीय बसपार्क निर्माण | बेनपा ८ | |
| ७ | बेनी तरकारी बजार निर्माण | बेनपा ७ र ८ | |
| ८ | तोरीपानी खेलमैदान निर्माण | बेनपा ९ | |
| ९ | डल्लेपिपल राउवडा सल्लेरी सडक | बेनपा ६ र ८ | |
| १० | क्याम्पसचोक बजार संरक्षण योजना | बेनपा ८ | |
| ११ | बेनी अस्पताल संरक्षण योजना | बेनपा ८ | |
| १२ | फोहरमैला व्यवस्थापन केन्द्र निर्माण | बेनपा | |
| १३ | रावण पार्क निर्माण | बेनपा ५ | |
| १४ | लभ्लीहिल निर्माण तथा व्यवस्थापन | बेनपा २ | |
| १५ | फनपार्क निर्माण | बेनपा ७ | |
| १६ | जलेश्वर ठुलो बगरस्थित रामशिला उत्खनन् स्थल संरक्षण | बेनपा ६ र ८ | |
| १७ | गलेश्वर काउलेगौंडा पात्लेखेत ठूलोखोला सडक | बेनी ९ र १० | |
| १८ | अर्थुङ्गे पुत्लेढुङ्गा भिरमुनी सडक स्तरोन्नती | बेनी ६ | |
| १९ | बेनी बजार वाहिरी रिङरोड निर्माण | बेनी ७ र ८ | |
| २० | बेनी बगरफाँट थामडाँडा बरंजा सडक | बेनी २,३ र ४ | |
| २१ | बेनी नगरपालिका रिङरोड निर्माण | बेनी नपा | |
| २२ | भसभसे-आनन्दवगर संरक्षण | बेनी २ | |
| २३ | तातोपानी बजार तथा कुण्ड संरक्षण | बेनी ४ | |
| २४ | अस्पताल चोक-खरिनी-जामुनाखर्क पहिरो नियन्त्रण, सडक स्तरोन्नती तथा नाली निर्माण | बेनी ६, ८ | |
| २५ | कुरिलाखर्क मंगलाघाट संरक्षण योजना | बेनी ७ | |
| २६ | डाँडाखेत खानेपानी योजना | बेनी ४ | |
| २७ | गलेश्वर मन्दिरदेखि कालीगण्डकी स्नान गर्न जाने बाटो र गंगास्नान स्थल निर्माण | बेनपा ९ | |
| २८ | डडुवा शहरी स्वास्थ्य केन्द्र निर्माण | बेनी ५ | |
| २९ | गलेश्वर मन्दिर देखि कालीगण्डकी खोलासम्म जाने पदमार्ग निर्माण | बेनी ९ | |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

८. बेनी नगरपालिकाका देहायका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि परामर्श सेवा शीर्षकमा विनियोजन भएको रकमबाट खर्च गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपसिल:**

क. हल्लेगौडा – भकिम्ली सडक

ख. महारानीथान – छाप सडक

ग. अर्थुङ्गे – पुलाचौर सडक

घ. खुला मञ्च तथा बहुउद्देश्यीय मैदान/बसपार्क निर्माण

ङ. अस्पताल चोक-खरिनी-जामुनाखर्क पहिरो नियन्त्रण, सडक स्तरोन्नती तथा नाली निर्माण

९. भूउपयोग ऐन, २०७६ तथा भूउपयोग नियमावली, २०७९ बमोजिम बेनी नगरक्षेत्रभित्रका विभिन्न जग्गाहरुलाई तोकिएको क्षेत्रमा वर्गीकरण गर्नका लागि सबै वडाहरुमा अभियानको रुपमा छलफल एवं अन्तरक्रिया गराउने र जग्गा वर्गीकरणको कार्यलाई प्राथमिकतापूर्वक अघि बढाउने निर्णय गरियो ।

१०. बेनी नगरपालिकाको हिउँदे अधिवेशनबाट बाटोमर्मत तथा पहिरो नियन्त्रण शीर्षकमा विनियोजन भएको रकम रु ६ लाखबाट देहाय बमोजिमका योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सिस्नेरा तलेत्रा खोल्सा सडक मर्मत | २ लाख | |
| २ | शिव ढुङ्गानाको घर पछाडीको पहिरो नियन्त्रण थाकनपोखरी | २ लाख | |
| ३ | चन्द्रकला बानियाँको घरपछाडीको पहिरो नियन्त्रण अर्थुङ्गे | १ लाख | |
| ४ | गुफा खेलमैदान हुँदै चिसापानी जोड्ने बाटो मर्मत | १ लाख | |

११. जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि यस नगरपालिकाबाट सहभागी गराउन तथा अन्य व्यवस्थापकीय कार्यमा खर्च गर्ने गराउने उद्देश्यका साथ आवश्यक रकम पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुदका लागि विनियोजित रकमबाट खर्च नभई बाँकी रहेको रकम, सङ्घीय सशर्त अनुदान अन्तर्गत निकासा भएको रकम रु १ लाख बाट खर्च गरी नपुग हुने रकम बेनी नगरपालिकाको एघारौं नगरसभाबाट युवा तथा खेलकुद शीर्षकमा विनियोजन भएको रकमबाट खर्च गर्ने निर्णय गरियो ।

१२. बेनी नगरपालिकाको नमूना विद्यालयको रुपमा छनौट भएको जामुनाखर्क माविले विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय सुधार अन्तर्गत चालु आ.व. मा निकासा भएको रकम रु ५० लाखबाट खर्च गर्ने गरी पेश गरेको प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो ।

१३. बेनी नगरपालिका अन्तर्गतका विभिन्न बगरहरुबाट ढुङ्गा गिटी बालुवा संकलन तथा उत्खनन् गर्ने प्रयोजनका लागि मिति २०७९/०८/०१ मा पहिलोपटक मिति २०७९/०९/१९ मा दोश्रो पटक र मिति

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

२०७९/१०/१७ मा तेश्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनैपनि बोलपत्रदाताले बोलपत्र पेश नगरेको र गण्डकी प्रदेश सरकारबाट ढुङ्गा र गिटीको मात्र रु १० प्रति घनफिट मूल्य कायम गरी मूल्य अभिवृद्धि गरेकोमा नगर कार्यपालिकाबाट प्रकाशित सूचनाहरुमा ढुङ्गा, गिटी र बालुवा समेतको रु १० प्रतिघनफिट कायम गरी सूचना प्रकाशन गरिएकोले कुनै पनि बोलपत्र नपरेको अवस्था देखिएकोले ढुङ्गा र गिटीको हकमा प्रदेश सरकारको निर्णय बमोजिम रु १० र बालुवाको हकमा रु ७ रुपैयाँ प्रति घनफिट नै मूल्य कायम गरी अन्तिम पटकका लागि ७(सात) दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१४. बेनी नगरपालिकाबाट विभिन्न वडाहरुमा खानेपानी आयोजनाहरु सम्पन्न भएपश्चात उक्त योजनाको मर्मत सम्भारको कार्यमा उपभोक्ताहरु उदासिन रहने गरेको अवस्था समेतलाई मध्यनजर गरी खानेपानी योजना सम्पन्न पश्चात उक्त खानेपानी योजनाको अपनत्व र स्वमित्व सम्बन्धित उपभोक्ताहरुमा नै रहने गरी त्यस्ता योजनाहरुको नियमित मर्मत तथा सुधार गर्ने प्रयोजनका लागि खानेपानी उपभोक्ता समिति दर्ता गराउन आवश्यक कार्यविधि निर्माण लगायतका अन्य आवश्यक कार्यहरु अगाडी बढाउने निर्णय गरियो ।

१५. गण्डकी प्रदेश सरकारबाट बेनी नगरपालिकाको वडा नं ७ स्थित कुरिलाखर्कस्थित सडक नाली तथा पर्खाल निर्माण कार्यका लागि विनियोजन भएको रकम रु ५० लाखको योजना बोलपत्रका माध्यमबाट गर्दा बढी समय लाग्ने र वर्षातका कारण समयमा सम्पन्न गर्न नसकिने अवस्था समेतलाई मध्यनजर गरी उक्त योजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने गराउने निर्णय गरियो ।

१६. बेनी नगरपालिकाको नगरप्रहरीहरुको पोशाक देहाय बमोजिम रहने गरी स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

- टोपी (पि क्याप, घुमाउने टोपी)
- नेमप्लेट, बेनी नगरपालिका प्रहरी प्लेट
- वाजु फिता (रातो)
- कुम निशानी (रातो)
- लाइनर
- सट पाइन्ट (सट पाइन्टमा दुई पाकेट वाला ओजी रङ्गको)
- पेटी खैरो रङ्गको
- जुत्ता डयामबुट
- लौरो

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख